# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही


प.सं. प्रशासन /०६९/०७० मिति :– २०७०।३।६
च.नं.

**विषय : निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्थापन शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७० साल जेष्ठ महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७०।२।१७ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री टीकादत्त राई ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिति**

श्री टीकादत्त राई – प्रमुख/का.अ. सि.न.पा.

**आमन्त्रीत**

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ – ब.ई. सि.न.पा.
श्री बिवेक कुमार खनाल – ब.अ. सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री – ब.अ. सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली – शाखा अधिकृत
श्री श्रीराम गुप्ता – अध्यक्ष, कर्मचारी एशोसिएशन

**निर्णय नं. १ (एक)**

नेपाल सरकार तथा एशियाली विकास बैंकको ऋण तथा अनुदान सहयोगमा सिद्धार्थनगर नगरपालिकामा संचालित एकीकृत शहरी विकास परियोजना (IUDP) को लागि NGO for Community Development Program को NGO छनौट भई सकेको हुँदा परियोजना सम्बन्धि अग्रिम कार्यवाहीका लागि सिद्धार्थनगर नगरपालिकाका आधिकारीक पदाधिकारी तथा Nepal Rural Development Centre (NRDC), Koteshwor, Kathmandu का आधिकारीक प्रतिनिधी विच मिति २०७०।०२।१७ मा भएको द्विपक्षीय सम्झौतालाई अनुमोदन गर्दै सो सम्झौता समेतलाई समावेश गरी तयार भएको सम्झौता (Contract Signing, Submission 5 Report) लाई परियोजना समन्वय कार्यालय (PCO) तथा ADB मा आवश्यक निर्णयार्थ पठाउने निर्णय गरियो । साथै NGO for Community Development Program को लागि छनौट भएको NGO लाई सम्झौता अनुसार कार्य सम्पन्न गर्ने गरी कार्यादेश (Letter to proceed) दिने निर्णय गरियो ।




"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. २ (दुई)**

यस सि.न.पा. वडा नं. १२ नारायणपथमा अवस्थित नापी नभएको घडेरी ज.ध.नं. १६५४ ज.वि. ०-०-१९ (उन्नाईस धुर) जग्गामा कृष्ण प्रसाद शर्माले वेसमेन्ट सहित सात तल्ला घर निर्माण गर्न संशोधन सहितको घरनक्सा पेश गर्नु भएकोमा सि.न.पा.को भवन तथा योजना मापदण्ड २०५६ को ५.१ (ग) अनुसार हुने गरी नक्सा पास गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३(तिन)**

चालु आ.ब. २०६९।७० को बार्षिक कार्यक्रममा संघ संस्था अनुदान शिर्षक रकमबाट निम्न कार्यक्रम सञ्चालनका लागी विनियोजन गर्ने निर्णय गरियो ।

**निम्न**

१. लोपोन्मुख कुशवाडिया भाषा साक्षरता कार्यक्रम अन्र्तगत भाषा पुस्तक प्रकाशन कार्यक्रमका लागी रु २५,०००।– (अक्षेरुपी पच्चिस हजार मात्र)

**निर्णय नं. ४(चार)**

राष्ट्रिय बहिरा क्रिकेट संघ नेपालद्वारा आयोजित मिति २०७०।२।२२ देखि २।२५ सम्म हुने चौथों राष्ट्रिय बहिरा क्रिकेट प्रतियोगिता सञ्चालन खर्च रु २५,०००।–(पच्चिस हजार) दिने निर्णय गरियो ।

**निर्णय नं. ५(पाँच)**

यस कार्यालयको निर्णयले देहायका कर्मचारीले विभिन्न मितिमा दिएको राजिनामा स्वीकृत गरेको निर्णयहरु अनुमोदन गरियो ।

| क्र.सं. | नाम थर | पद | राजिनामा स्वीकृत मिति |
|---|---|---|---|
| १ | राम कृष्ण घिमिरे | सहायक स्तर चौथो तह अमिन | २०६९।९।१ |
| २ | ईन्द्र बहादुर राना | फायरमेन | २०७०।१।२५ |
| ३. | काले कुमार बासफोड | कुचिकार | २०७०।२।१७ |

**निर्णय नं. ६(छ)**

श्री सिद्धार्थ सुरक्षित मातृत्व संजाल संस्था सिद्धार्थनगर भैरहवाले प्लाष्टिक मुक्त नगर बनाउने उद्देश्यले वातावरणिय स्वच्छता विशेष तथा शहरी स्वास्थ्य प्रवर्द्धन सम्बन्धि कार्यक्रम सञ्चालन गर्न रु १०,०००।–(अक्षेरुपी  दश हजार) विनियोजन गर्ने निर्णय गरियो ।





फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. ७(सात)**

सिद्धार्थनगर नगरपालिका नगरस्तरिय राजनीतिक दलका प्रमुख/प्रतिनीधिहरुको मिति २०७०।२।१ मा बसेको बैठकले देहाय बमोजिम गरेको निर्णयहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १ (एक)**

PPTA को शिलशिलामा तयार भएको अन्तिम प्रतिवेदनमा समाविष्ट भएको योजनाको आधारमा र वर्तमान अवस्थामा आवश्यक पर्ने स्थानहरु समेत समाविष्ट गरी सिद्धार्थनगर नगरपालिकाको डुवान समस्या समाधान दिर्घकालीन रुपमा गर्ने, समग्र डिजाईन तयार गरी पेश गर्न DSC Design and Supervision Consultancy लाई सिफारिश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ (दुई)**

नगरपालिकाको वैकरोड, नारायणपथ, मैत्रिपथ गल्लामण्डी देखि विमानस्थल मार्ग सम्मको क्षेत्रमा सडक वत्ति व्यवस्थापन, विजुली र टेलिफोनको पोल व्यवस्थापन जस्ता कार्यहरु सम्बन्धित निकाय संगको सहकार्यमा स्थलगत अध्ययन गरी प्राविधिक प्रतिवेदन पेश गर्न सिफारिश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३(तिन)**

नगरपालिकाको वडा नं. ५ को मैत्रिपथ वडा नं. ७ र १२ को नारायणपथ क्षेत्रको सडक पेटी तथा फुटपाथ विस्तार सम्बनधमा पुनरावेदन अदालतमा परेको मुद्धामा सम्मानीत अदालतबाट नगरपालिकाको पक्षमा भएको फैसला सम्बन्धमा जानकारी भयो । यस सम्बन्धमा नगरपालिकाको प्रतिनिधिबाट स्थलगत अध्ययन निरिक्षण गरी पेश गरेको प्रतिवेदनका आधारमा तत्कालिन तथा साविक मापदण्ड विपरीत निर्माण भएका संरचनाहरु हटाउन नियमानुसार सम्बन्धित संरचना धनीलाई सूचित गरी फुटपाथ विस्तार कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ४ (चार)**

नगरपालिकाबाट निर्धारित साविक मापदण्ड अनुसार बनेका तर हालको मापदण्ड अनुसार सडकको अधिकार क्षेत्रभित्र परेको संरचनाको हकमा संरचना धनीहरु संग छलफल गरी फुटपाथ विस्तार कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ८(आठ)**

यस आ.ब. २०६९।७० मा सडक बोर्ड नेपाल र सि.न.पा. संग सम्झौता भए अनुसारको शहरी सडक मर्मत कार्य ९२% सम्पन्न भएकाले नियमानुसार हुन आउने रकम निकासा माग गर्ने निर्णय गरियो ।




**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**

फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५

e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np